## आमसञ्चार क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी प्रकाशित

## सार्वजनिक सूचना

प्रदेश सरकार
मामिला तथा कानून मन्त्रालय
धनगढी, कैलाली, नेपाल

**सूचना प्रकाशन मितिः २०८०/१२/२३**

उपर्युक्त सम्बन्धमा आमसञ्चार क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यस प्रदेशभित्र स्थायी ठेगाना भई सञ्चालनमा रहेका आमसञ्चार माध्यमको संस्थागत क्षमता अभिवृद्धि गर्ने प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आ-आफ्नो सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्न इच्छुक आमसञ्चार माध्यम (रेडियो, पत्रपत्रिका र टेलिभिजन मात्र) ले आमसञ्चार क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची -२ बमोजिमको प्रस्तावको ढाँचामा निवेदन सहित निम्न बमोजिमका कागजात संलग्न गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सम्पर्क राख्नु हुन सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातः**

(क) प्रचलित कानुन बमोजिम आमसञ्चार माध्यम दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चार माध्यमको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) नियमित सञ्चालनमा रहेको सम्बन्धित निकायको सिफारिसपत्र,

(ङ) सञ्चालक समितिले क्षमता विकासका लागि माग गरेको निर्णयको प्रतिलिपि,

(च) सञ्चार माध्यमको विधान वा प्रवन्धपत्र, नियमावली, भौतिक तथा प्राविधिक संरचनाको विवरण, जनशक्तिको विवरण समेटेको प्रस्ताव,

(छ) पत्रिकाको हकमा स्थायी दर्ता प्रमाण पत्र प्राप्त गरेको निस्सा,

(ज) पत्रिकाको हकमा नियमित प्रकाशनमा रहेको सम्बन्धित जिल्ला हुलाक कार्यालयको प्रमाणपत्र।

............ २०८०/१२/२२

(दिपेन्द्र सिंह बिष्ट)

शाखा अधिकृत